# जनै पूर्णिमाको सांस्कृतिक उपादेयता

**सुशीलकुमार अधिकारी (विद्यावारिधि)**
**उपप्राध्यापक, इतिहास, संस्कृति तथा पुरातत्त्व विभाग, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर**
Email : adhikarisushil2024@gmail.com

**लेखसार**

संस्कृत शब्दको परिस्कृत एवम् परिमार्जित संस्कारहरूको समभावका रुपमा संस्कृति शब्द व्यवहृत, प्रयोग र प्रचलनमा रहेको छ । संस्कारले शुद्धिक्रिया जसमा मानिसका चारित्रिक अवगुण, दोष कमी कमजोरीहरूलाई हटाई परिष्कार गर्ने काम एवम् मानिस जैविक प्राणी भएकाले यसलाई सामाजिक प्राणी बनाउनमा योगदान दिने तत्त्वहरूको अर्थ संवहन गरेको हुन्छ । समाजको मानसक्रिया सम्बद्ध सम्पूर्ण तत्त्वहरूको समग्र रूप नै संस्कृतिका रुपमा परिभाषित रहेका छ । जनै पूर्णिमालाई हिन्दू तागाधारीहरूले अनिवार्य पालना गर्नुपर्ने संस्कारको रूपमा लिइए पनि प्राचीन वैदिक साहित्यमा संस्कार प्रचलनमा नरही लौकिक युगमा तर उपनयन कर्मसँग सम्बन्धित भएर आएको पाइन्छ । नेपालमा तागाधारीहरूले मनाउने जनैपूर्णिमाका सम्बन्धमा विभिन्न कथनहरू रहेका छन् । जनै पूर्णिमाका दिन शरीरमा धारण गरिएको जनै फेर्नुका अतिरिक्त रक्षाबन्धनका रुपमा  हातमा रातो पहेंलो डोरोसमेत बाँध्ने प्रचलन रहेको छ । यिनै संस्कारहरू मध्ये मानव जन्मका अशुद्धिहरू हटाउन एउटा निश्चित उमेर पुगेपछि गुरु थापेर ब्रतबन्ध (उपनयन) संस्कार गरी यज्ञोपवित (जनै) धारण गरेर सामाजिक र धार्मिक सबै प्रकारका कार्यहरू गर्न योग्य हुने कार्यलाई हिन्दू तागाधारी समुदायले पालना गरेर आइरहेका छन् । यसरी निश्चित विधिविधान सहित विशेष समारोहको आयोजना गरी पहिलोपल्ट धारण गरिएको जनैलाई वर्षै पिच्छे परिवर्तन गर्नुपर्ने दिनको रूपमा ''जनैपूर्णिमा'' रहेको छ । यसदिन शारीरिक रूपमा शुद्ध भई पवित्र जलाशय वा नदीमा स्नान गरी ब्राह्मण गुरुद्वारा प्रदान गरिएको जनै धारण गर्नुपर्ने प्रचलन रहेको छ ।

शब्दकुञ्जी : संस्कृति, सांस्कृतिकता, जनै पूर्णिमा, उपनयन

Articles information : Manuscript Receive : 27/07/2021, Review Date :  28/04/2022, Date of Acceptance : 25/11/2022, Publisher : Mahendra Morang Adarsh Multiple Campus, TUTA Unit, Biratnagar.
DOI : https://doi.org/10.3126/tutaj.v10i1.74323
Journal Homepage :  https://nepjol.info/index.php/tutaj/index Copy right (c) 2024 TUTA Journal This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयपरिचय

संस्कारलाई बृहत संस्कृतिको अंश मानिएको छ । संस्कृत शब्दबाट संस्कृति बन्दछ । संस्कृत शब्दको अर्थ परिष्कृत हुन्छ । अर्को शब्दमा शुद्ध गरिएको अर्थमा बुझिन्छ । संस्कृतलाई परिष्कृत एवम् परिमार्जित संस्कारहरूको समभाव नै संस्कृति हो संस्कारको अर्थ शुद्धिक्रिया मानिसका चारित्रिक अवगुण, दोष कमी कमजोरीहरूलाई हटाई परिष्कार गर्ने काम हो मानिस जैविक प्राणी भएकाले यसलाई सामाजिक प्राणी बनाउनमा जति पनि तत्त्वहरूको योगदान हुन्छ । ती सबै तत्त्वहरूको समग्र रूप नै संस्कृतिका रुपमा परिभाषित रहेका छन् । समग्रमा भन्दा संस्कृति मानिसले समाजको सदस्यका रूपमा आर्जन गरेका ती सम्पूर्ण कुराहरूको योग हो जस्मा ज्ञान, विश्वास, मुल्य मान्यता, भाषा, कानुन, प्रथा आदि कुराहरूको । समावेश भएको हुन्छ । यी सबै मानिसको मस्तिष्कको उपज मानिएका छन् । मानव संस्कृतिभित्र उसका चालचलन, रीति रवाज धर्म, पेशा, आनीबानी, लवाइखुवाई, भेषभुषा, भाषा, विश्वास आदि सबै पक्षहरू सामेल भएका हुन्छन् (राकेश, २०६१, पृ. ११) । पवित्र आचरणमा रहेर रिस, राग,  द्वेष, मोह आदिबाट अलग

भई राम्रो कुरा सोच्ने सम्झने र शुद्ध निर्मल भावनाद्वारा सामाजिक जीवनयापन गर्ने मनुष्य जातिको फल अर्थात् सन्तानहरू अवश्य नै उन्नतीशील र विवेकशील , विद्वान, गुणी, निरोगी बलशाली एवम् दीर्घजीवी हुन्छन् भन्ने प्राचीन ऋषिमुनिहरूको विश्वास रहेको थियो। यसकारण प्राचीन समयदेखी नै मानवको जीवनपद्धतिलाई एउटा निश्चित बाटोमा हिँडाउने सङ्गठनहरू बने, नीतिनियमका व्यवस्था गरिए। जन्मभन्दा पहिलादेखि नै गर्नुपर्ने नियमहरूको तर्जुमा गरियो र सामाजिक जीवन बिताउने व्यक्तिलाई नियमबद्ध गरियो । वेद विधाको अध्ययन पवित्र आचरण संयमपूर्ण जीवन विताउने साधना, इन्द्रियलाई जित्न सक्ने सामर्थ्य आर्जन गर्नु र जीवनका यौवनावस्थाका बेलामा आउने उश्रृङ्खल विचार, कामवासना, अहमता एवम् उद्दण्ड प्रवृत्तिलाई नियन्त्रण गर्न आवश्यक पर्ने विधिविधान स्वरूप विभिन्न संस्कारहरूको विकास गरिएको हो (कोइराला, २०५२, पृ. ९२—९४)।

**समस्याकथन**

प्रस्तुत अध्ययन नेपाली समाजमा अधिकतर समुदायको मुख्य पर्वका रूपमा रहेको तथा संस्कृतिका रूपमा अवलम्बन गरिने जनै पूर्णिमा (श्रावण शुक्ल पूर्णिमा) पर्वको सांस्कृतिक सान्दर्भिकतासँग सम्बन्धित रहेको छ। यस आलेखमा उपर्युक्त विषयसँग सम्बन्धित भएर आउने आर्य संस्कृतिअन्तर्गत तागाधारी संस्कृतिमा जनै पूर्णिमाको सान्दर्भिकता र औचित्यसँग सम्बन्धित समस्यामा आधारित रहेको छ । जनै पूर्णिमा नेपाली समाजमा अधिकतर समुदायले मनाउने मुख्य पर्वका रूपमा रहेको छ। नेपाली समाजमा साझा संस्कृतिका रूपमा अवलम्बन गरिने जनै पूर्णिमा(श्रावण शुक्ल पूर्णिमा) पर्वको सांस्कृतिक सान्दर्भिकता र यसको स्थान विशिष्ट रहेको छ। सँग सम्बन्धित रहेको छ। यस आलेखमा आर्य संस्कृतिअन्तर्गत तागाधारी संस्कृतिमा जनै पूर्णिमाको सान्दर्भिकता र औचित्यसँग सम्बन्धित समस्यामा आधारित सम्बन्धित भएर आएकाले निम्नानुसारका समस्यामा आधारित छलफलबाट उपयुक्त निष्कर्ष निकाल्नु यस अध्ययनको उद्देश्य रहेको छ।

**सामग्री सङ्कलन र विश्लेषण विधि**

प्रस्तुत अध्ययनका लागि क्षेत्रान्वेषण र पुस्तकालयीय विधिबाट सामग्री सङ्कलन गरिएको छ । सामग्रीको विश्लेषणका लागि संस्कृतिको अध्ययनअन्तर्गत परम्परागत चाडपर्व विषयक संस्कृतिका आधारभूत पक्षका आधारमा नेपाली मूल संस्कृतिको कलेवरभित्र मनाइने जनै पूर्णिमाको प्रचलन र यसमा अवशिष्ट सांस्कृतिकताको निक्र्यौल गर्न आगमनात्मक विधिबाट सैद्धान्तिक पक्ष र क्षेत्रान्वेषणबाट जनै पूर्णिमाको सान्दर्भिकता र औचित्यको खोजी गरिएको छ । सामग्री सङ्कलनपश्चात् निगमनात्मक विधिबाट क्षेत्रान्वेषण र पुस्कालयीय विधिबाट प्राप्त सामग्रीलाई आधार सामग्रीका रूपमा लिई प्राप्त सामग्रीलाई विश्लेषणात्मक विधिको प्रयोग गरी निष्कर्ष निकालिएको छ।

**सैद्धान्तिक अवधारणा**

संस्कृति संस्कृत भाषाबाट आएको तत्सम शब्द हो । परम्परागत मूल्य र मान्यताले स्थापित गरेका समसामयिक मानवीय आचरण र व्यवहारसँग कसरी जोडिएर आई मानवीय जीवनपद्धतिलाई परिष्कृत र परिमार्जित गरी अनुशासित जीवनपद्धतितर्फ डोहोऱ्याउँछन् भन्ने विषयको प्रतिनिधित्व संस्कृतिले गरेको छ। संस्कृति समसामयिक अवस्थामा व्यक्ति र समुदायको पहिचानको आधारका रुपमा पनि व्यवहृत र परिभाषित रहेको छ। मानवीय सभ्यतासँग जोडिएर आउने भौतिक, अभौतिक पक्षको संश्लेषित पक्ष र त्यसले निर्देशित गर्ने अनुशासित र व्यवस्थित जीवनपद्धतिलाई संस्कृतिअन्तर्गत राखिन्छ जसले बृहत्तर मानव समुदायको आस्था र पहिचानलाई आफ्नो दायरामा समेटेको हुन्छ (अधिकारी, २०७४, पृ. १०)। संस्कृति वैयक्तिक वस्तु नभई भावनात्मक रुपमा जोडिएका समुदायका सदस्य र तिनले गर्ने सामाजिक व्यवहारबाट निसिद्ध वस्तुका रुपमा समाजले ग्रहण गरेको विधि वा पद्धतिको नियमित व्यवस्थाका रुपमा समाजमा अवशिष्ट रहेको हुन्छ (रेग्मी, २०५०, पृ. १३)। संस्कृति भौतिक वस्तु नभई अभौतिक वस्तु हो जसले समुदायलाई भावनात्मक र क्रियात्मक दुवै दृष्टिकोणले समाजमा एकत्वपूर्ण परिस्थितिको निर्माण गर्न अहम् भूमिका खेलेको हुन्छ।

मानव सभ्यताको विकासको शिलशिलासँगै समाजलाई व्यवस्थित गर्न र सामाजिक गतिविधिको व्यवस्थापनका लागि सचेत र असचेत रुपमा निर्मित सामाजिक व्यवहार र ती व्यवहारबाट निर्देशित रही जीवनपद्धतिको

सञ्चालन गर्ने एकभाषी समुदायको सामाजिक अवस्थालाई संस्कृति मानिन्छ (भाटिया, फ्लावरड्यु र रोडनी, २००८, सन् पृ. ५)। संस्कृति समुदायले असचेत रुपमा अवलम्बन गरी त्यसैका सापेक्षमा जीवन सञ्चालन गर्ने पद्धतिका रुपमा समाजमा स्थापित रहेको हुन्छ जुन कतिपय अवस्थामा भाषा र कतिपय अवस्थामा सामाजिक व्यवहारबाट निश्रृत रहेको हुन्छ (भाटिया, सन् २००८, पृ २९)। समाज विकासको सुदीर्घ परम्परामा मान्छेले देखेको, भोगेको र अनुभव गरेको जीवनपद्धति र मान्छेलाई निश्चित अनुशासन र अपनत्वको विकास गर्न अभिप्ररित गर्ने प्रमुख माध्यमका रुपमा संस्कृतिको निर्माण र प्रचलन अनादिकालदेखि वर्तमानसम्म निरन्तर प्रवाहित रहेको छ। संस्कृतिको बृहत्तर क्षेत्रभित्र समग्र मानवीय क्रियाकलाप र चेतनाको विकसित र विस्तारित रहेको हुन्छ। मानव जीवनको सूत्रधारका रुपमा रहने संस्कृतिले कुनै पनि राष्ट्र, राष्ट्रियता, धर्म, साहित्य, सङ्गीत, कला, आचार/व्यवहार, बौद्धिकताजस्ता संज्ञानलाई पुस्तौंपुस्ता हस्तान्तरण गरी समाजलाई निश्चित अनुशासनमा बाँध्ने भावात्मक विष्य रहेको छ। समाजका विविध विषय र प्रचलनमा एकत्व सिर्जना गरी समाजको गतिशील र विकसित पद्धतिलाई निरन्तरता दिन यसले अहम् भूमिका खेलेको हुन्छ।

**नतिजा र विमर्श**

'जनैपूर्णिमा' नेपालमा निवास गर्ने समस्त तागाधारी मानव समुदायको एउटा निश्चित उमेर पश्चात ग्रहण गरिएको जनै (यज्ञोपवित)लाई परिवर्तन (फेर्ने) गर्ने पुण्य दिनको रूपमा मनाउने एउटा सांस्कृतिक कर्म हो। हिन्दू संस्कारमा यस दिनलाई पुरुषहरूले ज्ञात/अज्ञात रूपमा बर्षभरि गरेका खराब कामहरूको प्रायश्चित क्षमापूजा वा आत्मापूजा गर्ने दिनका रूपमा पनि लिइएको छ। श्रावण शुक्ल पूर्णिमाका अर्थात् श्रावण महिनाको पूर्णिमाका दिन यो संस्कार सम्पन्न गर्ने गरिएको छ। श्रावण शुक्ल चतुर्दशीका दिन चोखोनीतिका साथ मुण्डन गर्दै एकछाक खाई पूर्णिमाका दिन गुरुशिष्य लगायतका अन्य व्यक्तिहरूसमेत सामूहिक रूपमा नदी, पोखरी, तलाउ, कुवा वा इनार सनातन परम्पराले पवित्र मानेका जलाशायमा गई माटो, गोबर, भष्मका साथ कुश पतिवन बास्नादार फूल दुबोजस्ता आयुर्वेदले मानवोपयोगी र छालाको रोग निवारणका लागि उपयोगी मानिएका सामग्रीको प्रयोग गर्दै स्नान गर्ने प्रचलन रहेको छ। सामूहिक सहभागितामा तीर्थ प्रार्थनासहित विधिपूर्वक स्नान गरिने हुनाले यस दिनलाई श्रवणी स्नान पनि भन्ने गरिएको छ। यस सन्दर्भमा शिखा (टुप्पी)को संरक्षणका साथ मुण्डन गर्दै नङ काटी पवित्र भएर अध्यात्मिक कार्य सम्पादन गरिने सांस्कृतिक व्यवस्था रहेको छ। मुण्डनले शिरोभागलाई फोहोर हुन नदिई लावण्य र स्वच्छन्दता प्रदान गर्दै मस्तिष्कसहित सहस्र घरचक र टाउकोको कुरकुरे हड्डीको संरक्षण गर्ने रोमाधिपति शिखा वटुजीको संरक्षण गर्नका लागि अन्य केश खौरिनु पर्ने सांस्कृतिक विधान तागाधारी समुदायमा विद्यमान रहेको छ। पूर्णिमा अघिल्लो दिन चर्तुदशीदेखि नै पवित्रताका साथ एक छाक मात्र सात्विक भोजन गरिन्छ भने त्यस्तो भोजन पनि त्यस दिनको सुर्य नअस्ताउँदै गर्नु पर्ने मान्यता रही आएको छ। सात्विक भोजनको प्रभावले सद्भाव उत्पन्न हुनुका साथै कर्मेन्द्रिय र ज्ञानेन्द्रियहरूलाई नियन्त्रण गर्दै कर्मप्रतिको समर्पण भाव उत्पन्न गर्न मद्दत पुग्ने सांस्कृतिक विश्वास रहेको छ।

जनै पूर्णिमामा अवलम्बन गरिने संस्कारमा पञ्चतत्त्वअन्तर्गत पर्ने पृथ्वी, अनेक गुणले युक्त माटो, सबै सृष्टिको कारक मृत्तिका शरीरमा लेपन गर्नाले सबै प्रकारका रोग र शोक नाश भई आरोग्यता प्रदान गर्ने गुणसम्पन्न वस्तु भएकाले माटोको प्रयोगका साथ पृथ्वीलाई सम्मान प्रकट गर्नु र प्राकृतिक उपचारको विधिका रूपमा पनि यसलाई लिइएको छ। वर्षा ऋतुमा पृथ्वीमा पानीको प्रचुरता हुने हुनाले पृथ्वीको गर्भमा रहेका औषधीहरू उम्रने फुट्ने र फक्रिने भएको तथा गाईहरूले चरनका क्रममा यिनै औषधीहरू खाने र यिनीहरूबाट निःवृत्त दुध दही, घिउ, गोवर र गँहुतको प्रयोगलाई अमृतको संज्ञा दिइएको छ। संसारका भौतिक पदार्थहरू जे जति छन् ती सवै अग्निका माध्यमबाट भष्मिभूत हुँदै पृथवीमा लीन हुने भएकोले अग्नि तेज र भष्मको एकाङ्की भाव सम्बन्ध रहेको हुन्छ। जीवनपर्यन्त शारीरिक उर्जालाई कायम राख्दै अन्त्यमा शारीरिक शून्यमा विलिन हुनपुग्ने सङ्केतार्थका रूपमा भष्म लेप गरिएको मान्यता रहिआएको छ। जनै पूर्णिमा दिन प्रातःकालीन स्नानपछि गुरु शिष्यसहित समाजमा रहेका व्यक्तिहरूको सामूहिक सहभागितामा 'जनै' (यज्ञपवित) र रक्षावन्धनको डोरोलाई विधिपुर्वक वैदिक मन्त्रहरूद्वारा पूजाआजा गरिन्छ। यज्ञोपवित निर्माणको वैदिक

विधानअन्तर्गत शुद्ध कपासलाई काँचो धागोमा परिणत गरी धागोबाट जनै (यज्ञोपवित) बनाउने प्रचलन रहेको छ। यही पर्वमा यज्ञोपवित धारणसँगै हातमा वैदिक मन्त्रद्वारा पवित्र बनाइएको डोरो (रक्षाबन्धन) पनि बाँध्ने प्रचलन रहेको छ।

बहुसांस्कृतिक नेपाली समाजमा तागाधारी समुदायले मात्र नभई समाजमा रहेका बहुसङ्ख्यक सांस्कृतिक पहिचान र आस्था भएका अनुयायीहरूलाई यस्तो रक्षासूत्र (डोरो) हातमा बाँधी सबैमा समभाव र एकरूपता कायम गरी एकै सूत्रमा बाँध्ने पवित्र दिनका रूपमा लिइएको छ । यस पर्वको सांस्कृतिक प्रभाव र उपादेयता सनातन नितान्त हिन्दूसंस्कार र संस्कृतिमा मात्र नभई अन्य भाषिक, सांस्कृतिक र जातीय समुदायमा पनि आआफ्नै विधि, पद्धति र प्रक्रिया अवलम्बन गरी मनाउने प्रचलन र प्रावधान रहेको छ। विशेषतः तागाधारी सनातन संस्कृतिमा यस दिन धारण गर्ने जनैलाई यज्ञबाट संस्कार गरिएको उपवीत सूत्र विशेषलाई यज्ञोपवीत जनै भनिएको पाइन्छ। यसको निर्माण गर्दा हातको चारऔंलाको मूल भागमा दुईडोराले युक्त ९६ फन्का ९६ नामको उच्चारण गर्नुपर्दछ। उक्त धागोलाई पुनः तीन डोरामा परिणत गरी बाटी यसरी बाटिएको धागोलाई तेब्बर पारी बाट्दा नौ डोराको हुनपुग्दछ। यी नौ डोरामा उकादि गरिएका नौ वटा देवताको आह्वानपूर्वक पञ्चशिखामा ब्रह्मादि गरिएका देवतालाई न्यास गरिएको हुन्छ भने तीनसुते धागोमा ब्रह्मा, विष्णु र शिवको पूजन गरिएको हुन्छ। जनैको लम्बाई बायाँ काँधदेखि नाभी र नाइटो हुँदै कम्मरसम्मको हुनुपर्दछ । लामोमा कम्मरभन्दा तल र छोटोमा नाभीभन्दा माथि हुनुहुँदैन । उपर्युक्त प्रक्रियाबाट यज्ञोपवितलाई प्रातःकालीन समयमा वैदिक प्रक्रिया आत्मसाथ गर्दै निर्माण गरिएको जनै शुद्ध र परिष्कृत भएको लोक र सांस्कृतिक विश्वास रहेको छ।

**जनै पूर्णिमाको सांस्कृतिक उपादेयता**

नेपालमा तागाधारीहरूले मनाउने जनैपूर्णिमाका सम्बन्धमा विभिन्न कथनहरू रहेका छन्। यस दिन शरीरमा धारण गरिएको जनै फेर्नुका अतिरिक्त हातमा रातो पहेंलो डोरोसमेत बाँध्ने प्रचलन रहेको छ जसलाई रक्षाबन्धन भन्ने गरिएको छ । यसका सन्दर्भमा पौराणिक र लोकविश्वासका रूपमा रहेको कथन 'सत्ययुगमा दानवद्वारा सताइएका देवगणलाई गुरु वृहस्पतिले रक्षाविधान तयार गरी जेल्ने क्रममा प्रभावशाली दानवराज बलि पनि बाँधिए। अतः म तिमीलाई बाँध्छु यसले तिमी सुरक्षित बन विचलित नहोऊ भनेर डोरो बाँधेर सुरक्षा प्रदान गरेका थिए' भन्ने मान्यताका आधारमा रक्षा बन्धनको परम्परागत मान्यता चलिआएको छ । यस दिन रक्षाबन्धन ग्रहण गर्नको साथै तागाधारी समुदायका लागि मुख्य रूपमा शरीरमा धारण गरेको जनै परिवर्तन गर्ने कार्य नै प्रधान कार्यका रूपमा रहेको छ । जनैपूर्णिमाको दिन समस्त तागाधारीले जनै फेर्ने सम्बन्धमा विद्वानहरूको मत यस्तो छ समस्त हिन्दू मानव समुदायभित्रका तागाधारीहरूले आफ्नो जीवनकालमा पालना गर्नुपर्ने सोह्र संस्कारहरू मध्ये जनैपूर्णिमा अर्थात ऋषितर्पणी पूर्णिमाको अत्यन्त ठूलो महत्त्व छ। यो समुदायमा बर्षदिन भरी द्विजातीहरू (आमाको गर्भबाट जन्मिएका) द्वारा र विभिन्न संस्कारद्वारा संस्कारित भएको वौदिक सनातन परम्पराद्वारा निषिद्ध भनी तोकिएका कार्यहरू भूलबश, अन्जानबस हुन गएमा त्यसको प्रायश्चित स्वरूप श्रावणी महिनामा पापमोचनका लागि गहूँत गोबर, कुश, दुबो, खरानी, दही, घ्यू, मह, र माटो लगाएर नदीमा स्नान गरिन्छ। यसरी यी वस्तुहरू लगाउँदा दाहिने हातले कम्मरमाथि र देब्रे हातले कम्मरमुनि दलिदली मलिमली स्नान गर्नुपर्दछ । नदीमा विभिन्न शुद्ध वस्तुहरूको प्रयोग गरी स्नान गरी सकेपछि ऋषिहरूलाई तर्पण दिई नयाँ जनै (यज्ञोपवित) धारण गरिने भएकाले यस दिनलाई ऋषितर्पणी पूर्णिमा पनि भनिएको छ। यस पर्वमा कन्या वा सधवा महिलाले तयार पारेको काँचो धागोलाई पुरुषद्वारा बाटेर बनाइएको ब्रह्मगाँठोयुक्त जनै धारण गर्नुपर्ने मान्यता रहिआएको छ। यस्तो जनैलाई सप्तऋषिहरूको रुद्राष्टध्यायीद्वारा रुद्री पूजा गरेर आनिक सूत्रावली वा सिकर्नाद्वारा यज्ञग्रन्थीहरूको (शिखा) पनि पूजा गरी ब्रह्मण वा गुरुलाई अर्पण गरी स्वयम्ले पनि जनै फेर्ने गरिन्छ (तिमल्सेना २०७७, अन्तर्वार्ता)। सम्पूर्ण जीवनजगतमा सबै जीवको उत्पति वा जन्म अशुद्ध मार्गबाट नै हुने हुनाले त्यसको शुद्धिका लागि विभिन्न संस्कारहरूले जन्म लिन पुगेको हो। यिनै संस्कारहरूको व्यवहारिक जीवनमा लामो प्रयोग र अभ्यासले नै मानव समुदायमा एउटा निश्चित संस्कृतिको निर्माण भएको हुन्छ। हिन्दू तागाधारीहरूले मनाउने जनैपूर्णिमा पनि पुरुषहरूले आफ्नो जन्म दोष हटाउने र बर्षदिन भरी जानीनजानी गरिएको दोष निवारणका लागि गरिने शुद्धीकरण कर्ममा रूपमा रहेको छ। जनैपूर्णिमाको अघिल्लो दिनदेखि नै केश खौरेर शुद्ध भई एकछाक मात्र भोजन गरी

भोलिपल्ट प्रातःकालमै शुद्ध जलाशय वा नदीमा गई विभिन्न शुद्ध वस्तुको लेपन गरी स्नान गरेर जनै धारण गरिन्छ साथै उक्त दिनमै हातमा (पुरुषले दाहिने हातमा र महिलाले देब्रे हातमा) बौद्धिक मन्त्रले शुद्ध गरिएको डोरोलाई रक्षा बन्धनको रूपमा बाँध्ने परम्परा पनि छ । जनै धारण गर्दा ब्राह्मणले छ सुते जनै धारण गर्नुपर्ने विधान रहेको छ । जसलाई ब्रह्मगाँठोयुक्त बन्धनले बेरिएको हुन्छ भने छ वटै डोराहरू वैदिक मन्त्रहरूले मन्त्रिएको हुन्छ (खनाल,२०७७, अन्तवार्ता) ।

पृथ्वीमा मानवजातिको उत्पत्ति क्रमिक विकासका आधारमा भएको मानिन्छ । हुनतः मानव उत्पतिका सम्बन्धमा यसको विपरीत भनाइहरू पनि छन् अर्थात् अध्यात्मवादी विचारधाराका अनुसार मानवजातिको उत्पति स्वयम् भगवान् ब्रह्माजीले गरेका हुन् भन्ने भनाइ रहेको छ भने पश्चिमा अध्यात्मवादीहरूले पनि यस्तै धारणा राखेका छन् तर मानवजातिको उत्पतिको सम्बन्धमा विज्ञानवादीहरूले अध्यात्मवादी धारणाको व्यतिरेकमा मानव जातिको उत्पत्ति क्रमिक विकासको आधारमा भएको प्रमाणसहित पुष्टि गरेका छन् । वैज्ञानिक दिएको प्रमाणअनुसार बाँदर प्रजातिको (बउउभ) अपुच्छ बाँदरबाट क्रमिक विकास हुँदै लाखौँ बर्षको विकासशील यात्रा तय गरी आजको मानवको उत्पत्ति भएको हो । यसरी क्रमिक रूपमा विकास हुँदै आफ्नो जीवन यात्राको क्रममा मानवले आफ्नो छुट्टै अस्तित्व निर्माण गर्नका विभिन्न प्रयत्न गरेको मानवशास्त्रीय अध्ययनको निष्कर्ष रहेको छ । आगोको आविष्कारदेखि खेतीपातीको सुरुवात गरी व्यवस्थित रूपमा बसोवास पद्धतिजस्ता विकासका पद्धति र प्रक्रिया क्रमिक रूपमा हुँदै आएको हो । छुट्टाछुट्टै स्थानमा विकसित मानव समुदायले छुट्टा छुट्टै प्रकारका आवश्यकता र बाध्यता अनुरूप भिन्नाभिन्नै प्रकारका प्रवृत्तिहरू विकास गर्दै वर्तमानसम्म आएको छ । कालान्तरमा घुमन्ते जीवनशैली त्यागी जब मान्छे निश्चित स्थानमा वासस्थान बनाएर बस्न थाल्यो त्यहाँ मान्छेले आफ्नै प्रकारका व्यवहार र जीवनपद्धति निर्माण गर्दै क्रममा सर्वप्रथम आफ्ना मृतक आफन्तहरूको अन्त्येष्टी विशेष प्रकारले गरेको प्रमाणहरू पाइएबाट मानव समुदायले सर्वप्रथम अँगालेको संस्कारका रूपमा अन्त्येष्टी संस्कारलाई लिइएको छ । त्यसपछि क्रमैसँग मान्छेले विवाह आदि कार्यलाई व्यवस्थित र अनिवार्य रूपमा विकसित गर्दै गयो यसरी मानव समुदायले कालक्रमिक विकासका रूपमा विभिन्न किसिमका संस्कारहरूको विकास गर्दै आयो ।

पाषाण युगमै आवश्यकता अनुरूप का पाषण हातहतियारहरूको निर्माण गर्न सिपालु भइसकेको मानवजातिले आफ्नो आवश्यकताअनुसार नै विभिन्न आवश्यकीय व्यवहार र वस्तुहरूको उत्पादन गर्दै आएको देखिन्छ । देवीदेवताको परिकल्पना पश्चात विभिन्न किसिमका साहित्य र धार्मिक ग्रन्थहरूको रचना गरी मानव जीवनलाई व्यवस्थित बनाउनका लागि मान्छेले विभिन्न परिपाटीहरूको निर्माण व्यवस्थित गर्दै जाने क्रममा मानवजीवनको आवश्यकता सिद्ध गर्न जीवनपद्धतिलाई अनुशासित बनाउनका लागि अनेक किसिमका विधि विधानहरूको रचना गर्न मानव सक्षम भएको देखिन्छ । यस किसिमले आफूलाई व्यवस्थित र विकसित गर्दै मान्छेले मानवजीवनमा अनिवार्यतालाई प्रष्ट्याउदै सम्पूर्ण मानव जीवनलाई व्यवस्थित बनाउन पछि लाग्यो जसको फल स्वरूप विभिन्न त्यस्ता उपयोगी ग्रन्थ र साहित्यहरूको रचना हुनपुग्यो जसमा मानव जीवनलाई व्यवस्थित गर्ने क्रममा विभिन्न किसिमका यत्न प्रयत्नहरूमाथि जोड दिइएको पाइन्छ । जसका कारणले विभिन्न किसिमका संस्कारहरूले जन्म लिन पुगे यिनै संस्कारहरू मध्ये मानव जन्मका अशुद्धिहरू हटाउन एउटा निश्चित उमेर पुगेपछि गुरु थापेर ब्रतबन्ध (उपनयन) संस्कार गरी यज्ञोपवित (जनै) धारण गरेर सामाजिक र धार्मिक सबै प्रकारका कार्यहरू गर्न योग्य हुने कार्यलाई हिन्दू तागाधारी समुदायले पालना गरेर आइरहेका छन् । यसरी निश्चित विधिविधान सहित विशेष समारोहको आयोजना गरी पहिलोपल्ट धारण गरिएको जनैलाई वर्षै पिच्छे परिवर्तन गर्नुपर्ने दिनको रूपमा ‘‘जनैपूर्णिमा’’ रहेको छ । यसदिन शारीरिक रूपमा शुद्ध भई पवित्र जलाशय वा नदीमा स्नान गरी ब्राह्मणद्वारा वा गुरुद्वारा प्रदान गरिएको जनै धारण गर्नुपर्ने प्रचलन रहेको छ । अघिल्लो बर्षधारण गरेको जनै परिवर्तन गरी नयाँ जनै धारण दिनका रूपमा यस दिनको विशेष महत्त्व रहेको छ । तसर्थ यो प्रक्रिया एउटा मानव समुदायले आफ्नो छुट्टै र स्वतन्त्र अस्तित्व निर्माण गर्ने प्रयत्नको रूपमा सिर्जित सामाजिक व्यवहारको रूपमा परिचित रहेको छ (क्षेत्री, २०७७, अन्तर्वार्ता) ।

जनै पूर्णिमालाई हिन्दू तागाधारीहरूले अनिवार्य पालना गर्नुपर्ने संस्कारको रूपमा लिएका छन् तर प्राचीन वैदिक साहित्यमा संस्कार शब्द भेटिदैन । जनैपूर्णिमाको सांस्कृतिक सन्दर्भका विषयमा केही स्रोतहरूले संस्कार शब्द उपनयनका लागि प्रयोग भएर आएको पाइन्छ (काणे, सन् १९९२, पृ. १७६) । हिन्दू समुदायमा प्रचलित संस्कारले त्यस्तो क्रिया र रीतिरिवाजका लागि यस्तो योग्यता प्रदान गर्दछ जसमा पापमोचनका लागि योग्य बनाउने र नवीन गुण भर्नका लागि योग्य बनाउने दक्षता रहेको पाइन्छ । यस्तो संस्कारले द्विजातिमा मातापिताको रज र वीर्यको दोषबाट मुक्त हुन मद्दत गर्दछ । यस्ता संस्कारहरूमा मुख्यतः जातकर्म, मुण्डन कर्म र उपनयन कर्म आदि प्रमुख रूपमा रहेका छन् । मानव शरीरलाई वेद अध्ययन, ब्रत, होम, त्रैविध ब्रत, पूजा, सन्तान उत्पति, पञ्च महायज्ञ तथा वैदिक पक्षद्वारा ब्रह्म प्राप्तिका लागि  योग्य बनाइन्छ । हिन्दू तागाधारी मानव समुदायमा उपनयन अर्थात् ब्रतबन्ध संस्कारको सम्बन्ध अध्यात्मिक र सांस्कृतिक उद्देश्यसँग जोडिएको हुन्छ जसका कारणले सर्वगुणसम्पन्न व्यक्तिहरूसँग सम्पर्क स्थापित गर्ने बाटो खुल्दछ भने वेद अध्ययनको मार्ग खुल्न गई अनेक प्रकारका सुविधाहरू प्राप्त हुन्छन् । साथै यसको मनोवैज्ञानिक पक्ष वा महत्त्व पनि रहेको छ । संस्कारित व्यक्ति नयाँ जीवनको सुरुवात गर्न योग्य मानिन्छ । संस्कारलाई मुख्य रूपमा दुईवटा कोटीलाई विभाजन गर्ने गरिएको छ  (क) ब्रह्म (ख) दैव वा देव तर संस्कारहरूको यी दुई भेदका अतिरिक्त विभिन्न ग्रन्थहरूमा ४० वटा संस्कारहरूको उल्लेख गरिएको पाइन्छ । । यसका अतिरिक्त कसैले २२ वटा संस्कारहरूको पनि उल्लेख गरेका छन् । यस प्रकारका विभिन्न संस्कारहरू मध्ये उपनयन (ब्रतबन्ध) संस्कार एउटा महत्त्वपूर्ण संस्कार रहेको छ ।

उपनयन शब्दको शाब्दिक अर्थ नजिक वा समीप लैजानु हुन्छ । तर कसको नजिक वा समीप लैजानु भन्ने प्रश्नमा सम्भवतः आचार्य वा गुरुका नजिक वा समीप रहेर वेद अध्ययन गर्न योग्य बनाइने संस्कार उपनयन संस्कार हो । उपनयन शब्दको समानार्थी वा पर्यायवाची शब्दको रूपमा उपनयन मोन्जीवन्धन, बटुकरण र ब्रतबन्ध शब्दको प्रयोग गरिएको छ । समग्रमा भन्नु पर्दा उपनयन  संस्कारद्वारा बालकलाई शुद्धीकरण गरी विधा अध्ययनका लागि गुरुका समीपमा उपस्थित हुनका लागि योग्य बनाइने संस्कारका रूपमा परिभाषित गरिएको छ । विभिन्न श्रोतहरूका अनुसार उपनयन गरिने उमेरका सम्बन्धमा ब्राह्मण भए ८ बर्ष, क्षेत्रीय भए ११ बर्ष र वैश्य भए १२ बर्ष को उमेर ब्रतबन्धका लागि उयुक्त हुने बताइएको छ । आश्वलायनन गृहसूत्रमा उपनयन संस्कारको संक्षिप्त विवरण पाइन्छ ।  त्यसैगरी उपनयन संस्कारको विधि अपस्तम्ब गृहसूत्र हिरण्यकेशी गृहसूत्र, गोभिल गृहसूत्रमा विस्तारपूर्वक वताइएको छ (काणे, ऐजन, पृ. २१४) ।

संस्कार शब्दको प्रयोग धैरै अर्थमा गरिएको पाइन्छ । संस्कृत साहित्यमा संस्कार शब्दले शिक्षा संस्कृति, प्रशिक्षण, सौजन्य, पूर्णता, व्याकरणसम्बन्धी शुद्धीकरण, संस्करण परिष्करण, शोभा, आभूषण प्रभाव, स्वरूप, स्वभाव, क्रिया, छाप, स्मरणशक्तिमा पर्ने प्रभाव शुद्धिक्रिया, धार्मिक विधिविधान, अभिषेक, विचार, भावना, धारणा, कार्यको परिणाम, क्रियाको विशेषता आदि बुझाउँदछ (पाण्डे, १९९५, पृ. १८ ) विभिन्न संस्कारहरूका बारेमा विभिन्न श्रोतहरूले संख्यात्मक रूपमा संस्कारहरूको सङ्ख्या निर्धारण गरेका छन् । आवलम्बन ग्रहसूत्रका अनुसार ११ (एघार) वटा संस्कार बताइएको छ भने परस्कर गृहसूत्रअनुसार १३ (तेह्र) वटा, बराह गृहसूत्रअनुसार पनि तेह्रवटा र वैरवानस गृहसूत्र अनुसार १८ वटा संस्कारको उल्लेखगरिएको पाइन्छ (पृ. २१-२२) यसका अतिरिक्त हिन्दू समाजमा उपलव्ध हिन्दू साहित्यले संख्याका रूपमा बेग्लाबेग्लै धारणा व्यक्त गरेको भए तापनि हिन्दू समाजमा मुख्यत : १६ (सोह्र) वटा संस्कारलाई महत्त्वपूर्ण मानिएको छ ।

उपनयन अर्थात् ब्रतबन्ध संस्कारको महत्त्वपूर्ण क्रिया भन्नाले यज्ञादि समारोहमा व्यक्ति वा वटुकले धारण गर्ने यज्ञोपवित वा जनै हो उपनयन संस्कार सम्पन्न गरिने दिन बालक वा वटुकले विशेष विधिद्वारा जनै धारण गर्ने क्रिया हो । यसरी धारण गरिने जनैका सम्बन्धमा प्राचीन ग्रन्थहरूमा पनि उल्लेख पाइन्छ । यसको प्राचीनमा सङ्केत तैत्तरिय संहितामा पाइन्छ । देवताहरूको पूजाका लागि बाँया काँधबाट दाहिनेतिर झुण्डिएको यज्ञोपवित अर्थात् जनै हुन्छ (काणे, १९९२, पृ. २१५) । यसै गरी यज्ञोपवितका १९९२ महत्त्वलाई प्रष्ट पार्दै जसले जनै धारण गरेर यज्ञ गर्छ उसको यज्ञ फैलिन्छ तर जसले जनै धारण नगरी यज्ञ गर्छ मान्छेले गरेको यज्ञ नै ठहरिदैन, यज्ञोपवित धारण गरेर ब्रह्मणद्वारा जे पढिन्छ

त्यो यज्ञ कहलिन्छ भनिएको छ । यसप्रकार महत्त्वपूर्ण ग्रन्थहरूले उपनयन र यज्ञोपवित धारण गर्नुपर्ने अवस्था वा असरलाई महत्त्वपूर्ण संस्कार वा अवसरको रूपमा व्याख्या गरेका छन् । यस रूपमा हिन्दू मनुष्य जीवनअन्तगत एउटा व्यक्तिलाई व्यक्तिगत र दैहिक रूपमा संस्कारित बनाउने विभिन्न संस्कारहरूको प्रमुख उद्देश्य रहेको छ ।

हिन्दू मानवजीवनमा पालना गर्नुपर्ने महत्त्वपूर्ण संस्कार मध्ये उपनयन संस्कारले पुरुषलाई सही रूपमा संस्कारित तुल्याउनुका साथै भविष्यमा गर्नुपर्ने सबै धार्मिक , दैविक र गृहस्थ जीवनमा गर्नुपर्ने सबै कर्तव्यहरू निर्वाह गर्न सक्षम बनाइने संस्कारका रूपमा उपनयन संस्कारलाई लिइएको छ । उपनयन शब्दको वास्तविक अर्थका रूपमा त्यस्तो कार्य जसका माध्ययमले बालक गुरुका समिप वा नजिक पुग्दछ भन्ने बताइन्छ (पाण्डे, १९९५, पृ. १४९) । यस अर्थमा उपनयनले एउटा बालक वा व्यक्ति शिक्षा आरम्भ गर्नुपर्ने आफ्नो मुख्य कर्तव्यको तयारीको अवस्था हो भन्ने बुझाएइको छ । यसै गरी उपनयनको समय सीमा अर्थात उपयुक्त समयका बारेमा पनि बताइएको छ जसमा ब्रह्माण क्षेत्रीय र वैश्यलाई भिन्नभिन्न आयुमा उपनयन संस्कार सम्पन्न गर्नुपर्ने साँसकृतिक विधान रहेको छ । उपनयन संस्कारको आयोजना गर्ने समयका सम्बन्धमा पनि विभिन्न भनाइहरू रहेका छन् । जसअनुसार सूर्य उत्तरायण भएको समयलाई उपयुक्त मानिएको छ तथापि वैश्यलाई दक्षिणायन पनि उपयुक्त मानिएको छ । ब्राह्मण भए बसन्त ऋतु, क्षत्रीय भए ग्रीष्म ऋतु र वैश्यलाई शरद ऋतुमा यो संस्कार सम्पन्न गर्नुपर्ने उल्लेख धर्मग्रन्थमा उल्लेख गरिएको छ । यो संस्कारलाई सम्पन्न गर्नका लागि विधिपूर्वक मण्डपको निर्माण गरी गणेश देवता लगायत, लक्ष्मी, सरस्वती आदि देवताहरूको आह्वान र पूजा गरिन्छ उपनयन गर्नुपूर्व वालकको शरीरमा बेसार हर्दीको लेपन गरी कपालमा दुम्सीको काँडा वा चाँदीको औठी बाँध्ने गरिन्छ । यसका अतिरिक्त उपनयन संस्कारका दिन स्नान गरी कौपिन (लगौंटी) धारण गरी मेखला लगाई शुभकार्यका लागि प्रस्तुत हुनुपर्ने विधि रहेको छ । उपनयन संस्कारको महत्त्वपूर्ण विधि वा अनिवार्यता यज्ञोपवित (जनै) धारण गर्नु रहेको छ । यो यज्ञोपवित पनि ब्राह्मणले कपासको क्षेत्रीयले सनको र बैश्यले भेडाको उनको धारण गर्नुपर्ने शास्त्रीय विधान रहे पनि सबैलाई विकल्पको रूपमा कपासबाट बनेको यज्ञोपवित धारण गर्न मिल्ने प्रावधान रहेको छ (पाण्डे, ऐजन, पृ. १७०) । बालकलाई यज्ञोपवित प्रदान गराउने कार्यमा गुरुवा ब्रह्माणले उपयुक्त मन्त्रको उच्चरण गर्दै, बालकलाई आयु बल तथा तेज प्र्राप्त होस् भन्ने कामना गरिएको हुन्छ । यसप्रकार धारण गरिएको जनैलाई प्रत्येक बर्ष परिवर्तन गर्न पवित्र दिनको रूपमा जनै पूर्णिमा मनाउने गरिएको पाइन्छ ।

प्राचीन कालमै हिन्दू समाजमा मानवको व्यक्तित्व उत्थानका लागि विभिन्न प्रकारका संस्कारहरूको विकास गरिएको थियो जसबाट मानवको वैयक्तिक र सामाजिक विकास हुन सकोस् साथै भौतिक जीवन पनि व्यवस्थित ढंगले चल्न सकोस्, शुद्धता, आस्तिकता, धार्मिकता र पवित्रतालाई संस्कारको प्रमुख विशेषता मानिएको छ । धर्म, यज्ञ र कर्मठ यसको मूल आधारको रूपमा रहेको छ (मिश्र, सन् २००१, पृ. २८१) । हिन्दू समाजमा प्रचलित सबै संस्कारहरूको एउटा खास उद्देश्य रहेको हुन्छ, त्यस्ता सबै संस्कारहरूले निश्चित उद्देश्य बोकेका हुन्छन् ।

हिन्दू मानव जीवनमा संस्कार गरिनु पर्ने विभिन्न उद्देश्यहरू बताइएको छ । जसमा प्रथमतः संस्कारको प्रतीकात्मक उद्देश्य बताइएको छ । यसैगरी बिघ्नबाधा र अशुभ शक्तिहरूबाट जीवनको रक्षा गर्नु, लौकिक समृद्धिको कामना गर्नु, इच्छाइएको वस्तु प्राप्तिको कामना गर्नु, मानव र मानवीयताको सामाजीकिकरण गर्नु, नैतिकताको सम्बर्द्र्धन गर्नु, व्यक्तित्व निर्माण र विकास गर्नु, अध्यात्मिक विकास गर्ने उद्देश्य संस्कारमा निहित रहेको हुन्छ (मिश्र, ऐजन, २८३ पृ. ८४—८५) । यसै गरी हिन्दू समाजमा संस्कारहरूको संख्या भिन्नभिन्न बताइए तापनि दुई रूपमा रहेका १६ संस्कारहरू मध्ये एउटा व्यक्ति वा बालकलाई शिक्षित बनाउने वा शिक्षादीक्षा दिलाउने प्रथम मार्गको रूपमा उपनयन संस्कार महत्त्वपूर्ण रहेको छ । यो संस्कारको सम्पन्नताले बालक वर्ण अथवा जातिको स्थायी सदस्य हुनुपुग्दछ भने यो संस्कार सम्पन्न भइसकेपछि उसको दोस्रो जन्म भएको मान्दै उसलाई द्विज भनिन्छ । यो संस्कारले बालकको अनियमित अनुत्तरदायी जीवन समाप्त भएर नियमित, गम्भीर र अनुशासित जीवन प्रारम्भ भएको प्रमाण मानिएको छ । यो संस्कारको सम्पन्नतापश्चात् बालक, गुरु, वेद यम, नियम देवताको समीप पुगेको मानिन्छ । जसबाट उसलाई व्यवहारिक जीवनमा आइपर्ने महत्त्वपूर्ण ज्ञान प्राप्त हुन सकोस यस संस्कारको महत्त्वपूर्ण पक्ष संस्कारित बालकले जनै (यज्ञोपवित ) धारण गर्नु हो । यसरी धारण गरिएको जनैलाई प्रत्येक बर्ष बदल्नुपर्ने मान्यता रही आएको छ जनै जनै परिवर्तन गर्ने यही दिनको

रूपमा जनै पूर्णिमा हाल सम्म पनि निरन्तर रूपमा मनाउँदै आइरहेको छ । एक चोटी धारण गरेको जनैले सँधैभरि काम नदिने साथै चुँडिने, च्यातिने आदि भएर पनि होला यसलाई वर्षैपिच्छे परिवर्तन गर्नुपर्ने विधान बनाएको छ । त्यसैले यस दिन विधिपूर्वक जनै परिवर्तन गर्ने गरिन्छ जसले तागाधारी समुदायमा यस दिनको महत्त्व र उपदेयतालाई पुष्टि गरेको छ ।

**निष्कर्ष**

संस्कृति संस्कृत भाषाबाट आएको तत्सम शब्द हो । परम्परागत मूल्य र मान्यताले स्थापित गरेका समसामयिक मानवीय आचरण र व्यवहारसँग कसरी जोडिएर आई मानवीय जीवनपद्धतिलाई परिष्कृत र परिमार्जित गरी अनुशासित जीवनपद्धतितर्फ डोहोऱ्याउँछन् भन्ने विषयको प्रतिनिधित्व संस्कृतिले गरेको छ । मानिस जैविक प्राणी भएकाले मान्छेलाई सामाजिक प्राणी बनाउनमा जति पनि तत्त्वहरूको योगदान हुन्छ ती सबै तत्त्वहरूको समग्र रूप नै संस्कृतिका रुपमा परिभाषित रहेका छन् । जनै पूर्णिमालाई हिन्दू तागाधारीहरूले अनिवार्य पालना गर्नुपर्ने संस्कारको रूपमा लिएका छन् 'जनैपूर्णिमा' नेपालमा बसोवास गर्ने समस्त तागाधारी मानव समुदायको एउटा निश्चित उमेर पश्चात ग्रहण गरिएको जनै (यज्ञोपवित)लाई परिवर्तन (फेर्ने) गर्ने पुण्य दिनको रूपमा मनाउने एउटा सांस्कृतिक पर्वका रुपमा परिचित रहेको छ । हिन्दू संस्कारमा यस दिनलाई पुरुषहरूले ज्ञात/अज्ञात रूपमा बर्षभरि गरेका खराब कामहरूको प्रायश्चित क्षमापूजा वा आत्मापूजा गर्ने दिनका रूपमा पनि लिइएको छ । श्रावण शुक्ल पूर्णिमाका अर्थात् श्रावण महिनाको पूर्णिमाका दिन यो संस्कार सम्पन्न गर्ने गरिएको छ । नेपालमा तागाधारीहरूले मनाउने जनैपूर्णिमाका सम्बन्धमा विभिन्न कथनहरू रहेका छन् । यस दिन शरीरमा धारण गरिएको जनै फेर्नुका अतिरिक्त हातमा रातो पहेंलो डोरोसमेत बाँध्ने प्रचलन रहेको छ जसलाई रक्षाबन्धन भन्ने गरिएको छ । यसका सन्दर्भमा पौराणिक र लोकविश्वासका रूपमा रहेको कथन 'सत्ययुगमा दानवद्वारा सताइएका देवगणलाई गुरु वृहस्पतिले रक्षाविधान तयार गरी जेल्ने क्रममा प्रभावशाली दानवराज बलि पनि बाँधिए । अतः म तिमीलाई बाँध्छु यसले तिमी सुरक्षित बन विचलित नहोऊ भनेर डोरो बाँधेर सुरक्षा प्रदान गरेका थिए भन्ने मान्यताका आधारमा रक्षा बन्धनको परम्परागत मान्यता चलिआएको छ ।

**सन्दर्भ सामग्रीसूची**


अधिकारी, अनिल (२०७४). टक्सार क्षेत्रमा प्रचलित संस्कृति र लोकसाहित्यको अन्तर्सम्बन्ध. *सहयात्रा* १(१), पृ. १–८ ।

अमात्य, साफल्य (२०५४). *राजसत्ता र नेपाली संस्कृति*, साझा प्रकाशन ।

काणे, पाण्डुरङ वामन (सन् १९९२). *धर्मशास्त्रका इतिहास*, उत्तर प्रदेश हिन्दी संस्थान ।

कोइराला, कुलचन्द्र (२०५२). धर्म, संस्कृति र परम्परा, कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान ।

दाहाल, पेशल र सोमप्रसाद खतिवडा (२०५८). *नेपाली समाज र संस्कृतिको परिचय*, एम. के पब्लिसर्स एण्ड डिस्टिब्यूटर्स ।

पाण्डेय, राजबली (सन् १९९५). *हिन्दू संस्कार*, चौखम्बा विद्याभवन ।

मिश्र, जयशंकर, (सन् २००१). *प्राचीन भारतका सामाजिक इतिहास*, हिन्दी ग्रन्थ अकादमी ।

राकेश, रामदयाल (२०६१). *मैथिली लोकसंस्कृति*, एकता बुक्स डिस्टिब्यूटर्स प्रा. लि. ।

रेग्मी, जगदीशचन्द्र, (२०२६). *लिच्छवी संस्कृति*, रत्न पुस्तक भण्डार ।

रेग्मी, जगदीशचन्द्र (२०५०). *प्राचीन नेपाली संस्कृति*, साझा प्रकाशन ।

Bhattia, Vijaya, K. and others (2008). Advances in Discourse Studies (ed.) Routledge.


**अन्तर्वार्ताहरू**

डा. बाबुराम तिमल्सेना, बर्ष ६३, नेपाली भाषा र साहित्यका ज्ञाता तथा संस्कृतिविद्

प्रा. डा. गणेश क्षेत्री, बर्ष ७४, नेपाली इतिहास, संस्कृति र पुरातत्त्व विषयका सेवानिवृत्त प्राध्यापक ।

यादव खनाल बर्ष, ६५ (कर्मकाण्ड पेशामा आबद्ध)